# लिडबाट सावधान हुनुहोस्!

*तपाईंलाई थाहा छ कि लिड कहाँ लुक्न सक्छ?*





**लिड भनेको धातु हो** जसले बालबालिका र वयस्कहरूलाई हानी गर्न सक्छ। बालबालिका बिमारी भएजस्तो नलाग्न सक्छन वा नभएका जस्ता हुन सक्छन, तर रगत परीक्षणले देखाउन सक्छ कि उनीहरूलाई लिड विषाक्तीकरण भएको छ। यसले उनीहरूको विकास, व्यवहार, र सिक्ने क्षमतालाई हानी गर्न सक्छ। लिड व्यस्कहरूको लागि समस्या हुन सक्छ, विशेषगरि गर्भवती महिला र उनीहरूको बच्चाहरू।



तपाईंको **घरमा भएका लिड पेन्टहरूमा जब** चिरा पर्छन वा पापरा निस्कन्छ, त्यहाँ टुक्राहरू झर्न सक्छन वा लिड धुलो बन्न सक्छ। बालबालिकाले यी टुक्राहरू र धूलोलाई टिप्न सक्छन जब उनीहरू जमीनमा बामे सर्दछन वा उनीहरूको हातहरू र खेलौनाहरूलाई आफ्नो मुखमा राख्न सक्छन। यसरी बालबालिकालाई लिड विषाक्तीकरण हुन सक्छ।

तपाईंलाई थाहा थियो कि अन्य **राष्ट्रहरूबाट आएका केहि औषधिहरू, मसलाहरू, सौन्दर्य प्रसाधनहरु र खानामा पनि लिड हुन सक्छ?**

यी उत्पादनहरूमा भएका लिडले बालबालिकालाई बिरामी बनाएको छ। त्यहाँ अन्य उत्पादनहरू पनि हुन सक्छन जसको बारेमा हामीलाई अझैपनि थाहा छैन। तिनीहरूलाई तपाईंको छिमेकमा रहेको स्टोरमा बेचिरहेको हुन सक्छ वा साथीहरू वा परिवार सदस्यहरूले भ्रमणबाट फर्केपछि तिनीहरूलाई ल्याउन सक्छन।

## औषधिहरू र अन्य उत्पादनहरू जसमा लिड हुन सक्छ:



मध्य पूर्वी, ल्याटिन अमेरिका, भारत, र चीनबाट ल्याइएका **मसलाहरूमा** लिड हुन सक्छ।



**कस्मेटिकहरूमा** पनि लिड हुन सक्छ। काजल (सुर्मा वा काजलको रूपमा परिचित), एउटा उदाहरण हो। यसलाई आँखा आकर्षित बनाउन प्रयोग गरिन्छ।



विश्वका धैरै प्रकारका **चकलेटमा** लिड हुन सक्छ।



जडीबुटी र आयुर्वेदिक**औषधिहरू** जुन मध्य पूर्वी, ल्याटिन अमेरिका, भारत, र चीनबाट ल्याइएका छन त्यसमा लिड हुन सक्छ।

न्यू योर्क सिटि स्वास्थ्य विभागको (New York City Department of Health) सौजन्य छविहरू

## यूनाइटेड स्टेट्सभन्दा बाहिरबाट ल्याइएका **मलमहरू र पेस्टहरूमा** लिड हुन सक्छः




***यिसाओगुआङ्ग याओगुआ (Yisaoguang Yaogua)*** भनेको चीनको तेल हो जुन छालामा आएको डाबरलाई उपचार गर्नको लागि प्रयोग गरिन्छ।



***होन्डान*** *(Hondan)* भनेको पाउडर हो जुन डायपरबाट भएको डाबर र सुख्खा छालामा मलमको रूपमा प्रयोग गरिन्छ।



***थानाका*** *(Thanaka)* रूखहरूबाट बनाइएको बर्मेली तेल वा पेस्ट हो जुन सनस्क्रिन र छालालाई सुरक्षित राख्न प्रयोग गरिन्छ।

## **चम्किलो माटोबाट बनेको भाडा**मा लिड हुन्छ र त्यसलाई खाना बनाउन वा खाना पस्किन प्रयोग गर्नुहुँदैन।







**धूप र केही मैनबत्तीहरूमा** लिड हुन सक्छ। कोइला, “उन्सि”, र तपाईंले आफ्नो घरमा बाल्नु भएको अन्य धूप र केही मैनबत्तीको धागोहरूमा लिड हुन सक्छ।





**धातु,** साथै सुन वा चाँदी लेपिएको गहनामा लिड हुन सक्छ। बालबालिकाले उनीहरूको मुखमा कहिल्यै धातुको गहना राख्नु हुदैन।

न्यू योर्क सिटि स्वास्थ्य विभागको (New York City Department of Health) सौजन्य छविहरू

तपाईंको चिकित्सक, तपाईंको स्थानीय स्वास्थ्य विभाग, वा शरणार्थी पुनर्वास मामिला व्यवस्थापकलाई **सम्पर्क** गर्नुहोस् यदि:



- तपाईंको परिवारले यी मध्ये कुनैपनि उत्पादनहरू वा यीसँग समान उत्पादनहरू प्रयोग गर्नुभएको छ।
- तपाईंले यी तस्वीरहरूमा देख्नुभएको कुनैपनि कुराको बारेमा तपाईंसँग प्रश्नहरू छन।
- कसैले तपाईंलाई नयाँ औषधि दिनुभयो वा तपाईंको शिशु वा बच्चाको लागि औषधि वा उत्पादन सुरक्षित छ कि छैन भनि जान्न तपाईंसँग अन्य प्रश्नहरू छन।
- तपाईंको घरको पेन्टमा चिरा परेको छ, टुक्रा छ, वा पाप्रा उक्किएको छ।
- तपाईंको बच्चामा लिड विषाक्तीकरण हुन सक्छ वा लिड भएको उत्पादनहरूबाट प्रभवित भइरहेका छन कि भनि तपाईं चिन्तित हुनुहुन्छ। यदि उनीहरू ठीक जस्तो देखिएपनि प्रत्येक बच्चाको रगत परीक्षण गर्नुपर्छ।